बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०७ संख्या : ०३ भाग : ०१ प्रकाशित मिति :२०८०/१०/१८

## बैजनाथ गाउँपालिकाको ब्यवसाय ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०८०

गाउँसभाबाट स्वीकृत मिति :२०७९/१०/०५ गते

पहिलो संशोधन मिति : २०८०/०९/२९ गते

गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०८०/१०/१७ गते

| ऐनमा भएको व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| दफा ७ को उपदफा (३)<br>गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको वडामा ठाउँसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ कार्यालयमा भएको व्यवसायको लगत खारेजको सफारिस जनाई सम्बन्धित कार्यालयलाई पत्रचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाउँसारी हुने अर्को गरी वडा कार्यालयले व्यवसाय दर्ता किताबमा ठाउँसारी जनाई साबिकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ । | गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को वडामा ठाउँसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरि कार्यालयमा व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित कार्यालयलाई पत्रचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाउँसारी हुने अर्को वडा कार्यालयले व्यवसाय दर्ता किताबमा ठाउँसारी जनाई साबिकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ ।साथै अन्य जिल्ला वा गाउँपालिका/नगरपालिका बाट ठाउँसारी भई आएका व्यवसायहरुलाई ठाउँसारी गरि प्रमाणपत्र जारी गर्नु पर्नेछ । | बैजनाथ गाउँपालिका मा अन्यन्त्र पालिकाहरुबाट ठाउँसारी भई आएका व्यवसायहरुको ठाउँसारी गरी दर्ता गर्नुपर्ने भएको हुँदा । |

| | | |
|---|---|---|
| दफा ७ को उपदफा(४)<br>(४) उपदफा (३) बमोजिम ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्नेछ । | (४)उपदफा (३) बमोजिम ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्नेछ ।साथै यस गाउँपालिका बाट अन्य जिल्ला वा गाउँपालिका/नगरपालिका ठाउँसारी भई जाने व्यवसायको ठाउँसारिको सिफारिस गरि आफ्नो कार्यालयमा रहेको व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्नेछ । | बैजनाथ गाउँपालिका बाट अन्यन्त्र पालिका ठाउँसारी जाने व्यवसायलाई ठाउँसरीको सिफारिस गर्नुपर्ने भएको हुँदा । |

आज्ञाले,<br>
राजेश कुमार यादव<br>
प्रमुख प्रशासकीय अधिकृत

**मुद्रणः मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-**
**घरेलुदर्ता नं. ११९/४६१४/२०७०/२०७१**